# सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

## खत्याड गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

## रामतडी, मुगु

कर्णाली प्रदेश

जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना
अन्तर्गत खत्याड गाउँपालिकामा सञ्चालन हुने

खानेपानी तथा सरसफाइ, सिंचाइ र बहुउपयोगी योजनाहरुको

# सिलबन्दी दरभाउ पत्र

## आर्थिक वर्ष २०८२।०८३

<u>योजनाहरु:</u>

| | | |
|---|---|---|
| १ | रिखिया खानेपानी तथा सरसफाइ योजना | खत्याड गाउँपालिका-११, [illegible] मुगु |
| २ | सेरी खानेपानी तथा सरसफाइ योजना | खत्याड गाउँपालिका-०२, सेरी, मुगु |

# सिलबन्दी दरभाउपत्र आहानको सूचना

प्रथम पटक प्रकाशित मितिः २०८३-०२-२१

खत्याड गाउँपालिका/जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना, मुगु जिल्ला अन्तरगत खत्याड गाउँपालिकामा सञ्चालित तपसिलका खानेपानी तथा सरसफाइ,बहुउपयोगी र सिचाई योजनाहरूका लागि परियोजनाको सामुदायिक खरिद कार्यविधि २०८२ बमोजिम योजना निर्माणमा प्रयोग हुने निर्माण सामग्री पाइप, फिटीङ्स् तथा औजारहरू खरिद गर्नुपर्ने भएकोले दरभाउ पत्र साथ संलग्न परिमाण, र उपलब्ध गराइएको स्पेशीफिकेशन बमोजिमको तौल र गुणस्तरका सामानहरू निम्न शर्तहरूको अधिनमा रही सप्लाई गर्न इच्छुक मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्म वा सप्लायरबाट सिलबन्दी दरभाउपत्र आहान गरिएको छ ।

शर्तहरुः

| क.स. | योजनाको नाम | सिलबन्दी दरभाउपत्र खरिद दस्तुर (फिर्ता नहुने) | ढुवानी गर्नु पर्ने स्थान |
|---|---|---|---|
| १ | रिखिया खानेपानी तथा सरसफाइ योजना, खत्याड-११, रिखिया | ३००० (अक्षरुपी तिन हजार मात्र) | खत्याड-११ विराबगर, |
| | सेरी खानेपानी तथा सरसफाइ योजना, खत्याड-०२, सेरी | | खत्याड-०२ सेरी |

१। विभिन्न आवश्यक निर्माण सामग्री, पाइप, फिटीङ्स् तथा औजार सप्लाई सम्बन्धी दरभाउपत्र फारम तथा गुणस्तर/स्पेसिफिकेशन खत्याड गाउँपालिकाको कार्यालयका साथै गाउँपालिका र जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजनाको निम्न वेबपेजबाट प्राप्त गर्न सकिने छ । खत्याड गाउँपालिकाको वेभसाईटः www.khatyadmun.gov.np र जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजनाको वेभसाईटः www.laccp.org.np

२। दरभाउपत्र पेश गर्दा दरभाउ पत्र पेश गरिसक्नु पर्ने मिति पुर्व माथि तोकिएको दस्तुर खत्याड गाउँपालिकाको माछापुच्छ्रे बैंक लिमिटेड, माझचौर शाखामा रहेको आन्तरिक राजस्व खाता नं. ०७२००६५८१८००००८३ मा जम्मा गरेको सक्कलै भौचर सहित फर्म/सप्लायरको लिखित निवेदनको साथमा मूल्य अभिवृद्धि कर दर्ताको प्रमाणपत्र, अद्यावधिक कर चुक्ताको प्रमाणपत्र संलग्न राखी यो सूचना प्रकाशित भएको मितिले ८ औं (आठौं) दिनको दिउसो १२:०० बजे भित्र खत्याड गाउँपालिकाको कार्यालय र जलवायु परिवर्तन स्थानिय अनुकुलन परियोजना, परियोजना सहयोग एकाई बिरेन्द्रनगर सुर्खेतमा पेश गरि सक्नु पर्नेछ। दरभाउपत्र फाराम सिलबन्दी गरी सम्बन्धित समुहगत उपभोक्ता समितिको नाम, ठेगाना र निर्माण सामग्रीहरू, पाइप तथा फिटीङ्स् तथा औजार सप्लाई सम्बन्धी दरभाउपत्र भन्ने व्यहोरा उल्लेख गर्नुपर्नेछ। यदि कुनै सप्लायर्स वा फर्मले सिलबन्दी दरभाउ पत्र पेश गर्दा बैंक दाखिलाको सक्कल भौचर पेश नगरेमा सो सप्लायर्स वा फर्मको दरभाउ पत्र मुल्यांकन गरिने छैन ।

३। सिलबन्दी दरभाउ पत्र पेश गर्दा सप्लायरको आधिकारिक प्रतिनिधि आफै उपस्थित भई वा हुलाक वा कुरियर मार्फत समेत पेश गर्न सक्नेछ । हुलाक वा कुरियर मार्फत पठाएको सिलवन्दी दरभाउपत्र सूचना प्रकाशित भएको मितिले ८ औं (आठौं) दिनको दिउसो १२:०० बजे भित्र प्राप्त भईसक्नु पर्नेछ ।

४। सप्लाई हुने सामग्रीहरूको भुक्तानी उपभोक्ता समितिहरूको गोदाममा ढुवानी भै चेकजाँच भएपछि मात्र गर्नेछन ।

५। उपरोक्त अनुसार प्राप्त भएका दरभाउपत्रहरू संकलन गरी २०८३ जेठ ३१ गते दिउँसो १२: ०० बजे खत्याड गाउँपालिकाको कार्यालय रामतडी मुगुमा उपभोक्ता समितिका खरिद समिति प्रतिनिधिहरू, गाउँपालिका कार्यालयका प्रतिनिधिहरू, जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना प्रतिनिधिहरू र दरभाउपत्रदाताहरू वा निजहरूको प्रतिनिधिको रोहवरमा खोलिनेछन्। दरभाउपत्रदाताको प्रतिनिधि उपस्थित नभएमा दरभाउपत्र खोल्न बाधा पुग्ने छैन ।

६। दरभाउपत्र दर्ता गर्ने तथा खोल्ने अन्तिम दिनमा सार्वजनिक बिदा पर्न गएमा सो को भोलिपल्ट कार्यालय खुलेको दिन तोकिएको समय भित्र दर्ता गरिने वा खोलिनेछ ।

७। दरभाउपत्रमा दररेट लेख्दा अंक र अक्षरमा स्पष्ट लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखेकोलाई मान्यता दिइनेछ । अंक र अक्षरमा केरमेट भएकोमा दस्तखत र छाप लगाएको हुनु पर्नेछ ।

८। म्याद नाघी वा रीत नपुगी आएको दरभाउपत्र उपर कुनै कारबाही हुने छैन ।

९। दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार उपभोक्ता समितिहरूमा सुरक्षित रहनेछ ।

१०। अन्य शर्तहरू लक परियोजनाको सामुदायिक खरिद कार्यविधि २०८२ बमोजिम हुनेछ । थप शर्तहरू दरभाउपत्र साथै सलग्न गरिएको छ ।

११) यो सूचनामा केहि संशोधन गर्नु परेमा सो को सूचना गाउँपालिकाको सूचना पाटी तथा गाउँपालिका र जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजनाको वेबपेजबाट जानकारि गरिनेछ ।

१२) अन्य थप जानकारी चाहिएमा खत्याड गाउँपालिका र जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना परियोजना, परियोजना सहयोग एकाइ बिरेन्द्रनगर सुर्खेतमा सम्पर्क (९८६६८४८९००/९८४६७२१४३२, ०८३५९०४६८) गर्न सकिनेछ ।

संयुक्त खरिद समिति

